# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, कात्तिक ४ गते २०५० साल (अतिरिक्ताङ्क ४१


## भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

२०५० सालको अध्यादेश नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## जाँचबुझ आयोग ऐन, २०२६ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावनाः जाँचबुझ आयोग ऐन, २०२६ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेकोछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "जाँचबुझ आयोग (पहिलो संशोधन) अध्यादेश, २०५०" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. जाँचबुझ आयोग ऐन, २०२६ को दफा २ मा संशोधनः जाँचबुझ आयोग ऐन, २०२६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) मा रहेको "जाँचबुझ" भन्ने शब्द झिकिएकोछ ।

३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएकोछः-

"३. आयोगको गठनः (१) श्री ५ बाट मन्त्रिपरिषद्को सल्लाहमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित कुनै कामको लागि सोही प्रतिबन्धात्मक वाक्यांश बमोजिम सर्वोच्च अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको मुख्य न्यायाधीशलाई खटाई एक वा एक भन्दा बढी सदस्यहरु रहेको आयोग गठन गर्न सकिबक्सनेछ र एक भन्दा बढी सदस्यहरु रहेकोमा श्री ५ बाट तोकिबक्सेको सदस्य आयोगको अध्यक्ष हुनेछ ।

(२) सार्वजनिक महत्वको कुनै कुराको जाँचबुझ गर्नको लागि कुनै आयोगको गठन गर्न आवश्यक देखिएमा श्री ५ को सरकारले एक वा एक भन्दा बढी सदस्यहरु रहेको जाँचबुझ आयोग गठन गर्न सक्नेछ र एक भन्दा बढी सदस्यहरु रहेकोमा श्री ५ को सरकारले तोकेको सदस्य आयोगको अध्यक्ष हुनेछ ।

(३) आयोगको गठन सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।"

४. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को,-

(१) उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएकाछन्ः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) आयोगले गर्नु पर्ने काम आयोगको गठन सम्बन्धी सूचनामा तोकिए बमोजिम हुनेछ ।

(२) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधि भित्र जाँचबुझको काम सम्पन्न गरी श्री ५ बाट गठन गरिबक्सेको आयोगले श्री ५ समक्ष र श्री ५ को सरकारले गठन गरेको आयोगले श्री ५ को सरकार समक्ष आफ्नो राय सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ र श्री ५ समक्ष पेश भएको प्रतिवेदन मौसूफबाट मन्त्रिपरिषद्मा पठाउन लगाई बक्सनेछ ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएकोछः-

"(२क) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधि भित्र प्रतिवेदन पेश गर्न नसकेको कारण खुलाई अवधि थप गर्नको लागि आयोगले अनुरोध गरेमा आवश्यक अवधि थप हुन सक्नेछ ।"

५. <u>मूल ऐनको दफा ७ मा संशोधनः</u> मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएकोछः-

"७. <u>आयोगको विघटनः</u> (१) दफा ४ को उपदफा (२) बमोजिम प्रतिवेदन पेश भएपछि वा आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधि वा दफा ४ को उपदफा (२क) बमोजिम अवधि थपिएकोमा त्यस्तो अवधि समाप्त भएपछि आयोग विघटन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणवश आयोगलाई विघटन गर्न आवश्यक भएमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जुनसुकै बेला पनि आयोग विघटन गर्न सकिनेछ र त्यस्तो सूचनामा तोकिएको मितिदेखि आयोग विघटन भएको मानिनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४९

६. मूल ऐनमा दफा ८क. थपः मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएकोछः-

"८क. आयोगको काम कारवाई गोप्य रहनेः आयोगको सम्पूर्ण काम कारवाई गोप्य रहनेछ ।

तर आयोगले पेश गरेको प्रतिवेदनको केही वा सबै अंश प्रकाशित गर्न श्री ५ को सरकारलाई बाधा पुऱ्याएको मानिने छैन ।"

लालमोहर सदर मितिः- २०५०।७।४।४

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

242